प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग विकास समिति

## शाखा कार्यालय, धुन्चे, रसुवा

प्रदेश नं. ३, नेपाल

प.स. : ०७५/७६
च.नं. : ४२३

मिति : २०७६।०१।१०

**विषय : सूचना सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय, धुन्चे, रसुवा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, धुन्चे, रसुवा ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, धुन्चे, रसुवा ।
श्री नेपाल बैंक लिमिटेड, धुन्चे, रसुवा ।
श्री गोसाइँकुण्ड गाउँ कार्यपालिकाको कार्यालय, स्याफ्रुवेशी, रसुवा ।
श्री कालिका गाउँ कार्यपालिकाको कार्यालय, कालिकास्थान, रसुवा ।
श्री आमा छोदिङमो गाउँ कार्यपालिकाको कार्यालय, गोल्जुङ्ग, रसुवा ।
श्री नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय, पारच्याङ, रसुवा ।
श्री उत्तरगया गाउँ कार्यपालिकाको कार्यालय, खाल्टे, रसुवा ।

प्रस्तुत विषयमा यस कार्यालयको चालु आर्थिक वर्ष २०७५/७६ को वार्षिक कार्यक्रम अनुसार **उद्योग प्रवर्द्धन तथा विकास आयोजना कार्यक्रम** अन्तरगत मिति २०७६।०१।१० गते प्रकाशित सूचना थान दुई (२) यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ । साथै तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी पठाई दिनु हुन सादर अनुरोध छ ।

(खगेन्द्र नेपाल)
का.मु. वरिष्ठ उद्योग अधिकृत
वरिष्ठ उद्योग अधिकृत

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग विकास समिति

शाखा कार्यालय, धुन्चे, रसुवा
प्रदेश नं. ३, नेपाल

## रसुवा जिल्ला भित्र लघु उद्यम, घरेलु तथा साना उद्योग गर्न चाहने उद्यमीहरुका लागि

## ३० दिने आवेदन आव्हान गरिएको सूचना

### प्रकाशित मितिः २०७६/०१/१०

यस कार्यालयको आ.व २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार वैदेशिक रोजगारमा गई फर्केका युवा तथा वैदेशिक रोजगारमा रहेका युवाका एकाघरका परिवार तथा महिलाहरु लघु उद्यम, घरेलु तथा साना उद्योग गर्नका लागि यस कार्यालयबाट उनीहरुलाई मागको आधारमा निःशुल्क सीपमुलक तालिम र ८० प्रतिशत अनुदानमा प्रविधि मेशिन औजार वितरण गर्नुका साथै सामुहिक जमानीमा परियोजना नै धितो राखेर ६ प्रतिशत ब्याज दरमा सहकारी संस्था मार्फत रु. पाँच लाख र व्यक्तिगत रुपमा विना धितो रु. पचास हजार सम्म ऋण समेत प्रदान गरिने हुँदा इच्छुक माथि उल्लेखित नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र कार्यालय समयमा यस कार्यालयमा आवेदन दिनु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**निवेदन साथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरुः**

१. नेपाली नागरिकताको प्रतिलिपि ।
२. वैदेशिक रोजगारमा गएको खुल्ने कागजात (वैदेशिक रोजगारमा गएका वा निजको एकाघरको परिवारको हकमा मात्र)
३. आफुले गर्न चाहेको उद्योग व्यवसायसंग सम्बन्धि कुनै सिप भए सो खुल्ने कागजात ।
४. आफुले गर्न चाहेको उद्योग व्यवसायका सीप आवश्यक पर्ने भए सो को नाम ।
५. परिवारको हकमा वैदेशिक रोजगारमा रहेका युवासंगको नाता (वैदेशिक रोजगारमा एकाघरका परिवारको हकमा मात्र)
६. उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव र उद्यमको व्यवसायिक योजना ।
७. आवेदन गर्ने व्यक्तिको उमेरको हद १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनुपर्ने छ ।

यस सम्बन्धी अन्य थप जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन वा फोन नं ०१०-५४०१०४ बाट जानकारी प्राप्त गर्नु हुन समेत अनुरोध छ ।

वरिष्ठ उद्योग अधिकृत

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग विकास समिति

शाखा कार्यालय, धुन्चे, रसुवा
प्रदेश नं. ३, नेपाल

## लघु, घरेलु तथा साना उद्योगको क्षेत्रमा लगानी गर्न इच्छुक जिल्ला स्थित सहकारी संस्थाहरुबाट १५ दिने प्रस्ताव आव्हान गरिएको सूचना

**प्रकाशित मितिः २०७६/०१/१०**

यस कार्यालयको आ.व २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार रसुवा जिल्लाका विभिन्न उद्यमीहरुलाई कर्जा प्रवाह गर्नका लागि कम्तीमा ३ वटा सहकारी संस्था छनौट गर्नु पर्ने भएकोले लघु उद्यम, घरेलु तथा साना उद्योगको क्षेत्रमा लगानी गर्न इच्छुक सहकारी संस्थाहरुले निम्न बमोजिम कागजातहरु संलग्न राखी यो सुचना प्रकाशित भएको १५ दिन भित्र तोकिएको ढाँचामा यस कार्यालयमा सिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

**प्रस्ताव पेश गर्ने सहकारी संस्थाहरुको देहाय बमोजिम योग्यता भएको हुनुपर्ने छ ।**

१. विप्रेशण (रेमिटेन्स) रकम बचत गर्ने गरेको । (वैदेशिक रोजगारमा गएका वा निजको एकाघरका परिवारको हकमा मात्र)

२. लघु उधम, घरेलु तथा साना उद्योगको क्षेत्रमा लगानी गरिरहेको ।

३. विगत दुई वर्षको बचत र लगानी सन्तोषजनक रहेको र घाटामा नरहेको ।

४. नियमित रुपमा लेखापरिक्षण र साधारण सभा भएको ।

५. कालो सुचिमा नपरेको (स्वघोषणा)।

६. **PAN/VAT** मा दर्ता भएको ।

माथि उल्लेखित व्यहोरा खुल्ने सबै कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गराई सिलवन्दी प्रस्तावसंग संलग्नगर्नु पर्ने छ । यस सम्बन्धि अन्य थप जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन साथै फोन नं ०१०-५४०१०४ बाट जानकारी प्रास गर्नु हुन समेत अनुरोध छ ।

२०७६/१/१०

वरिष्ठ उद्योग अधिकृत